# आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली

मितिः २५ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. भारत र माल्दिभ्सबीच मालेस्थित राष्ट्रपति कार्यालयमा प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको छ।

२. मनसुनसँगै पश्चिम बङ्गालमा डेङ्गु सङ्क्रमणको गति बढेको छ।

३. सासद राजु बिस्ट अनि जीटीएका प्रमुख कार्यपाल अनित थापाले कल्याण राई हत्या काण्डको निष्पक्ष र पारदर्शी जाँचको माग गर्नु हुँदै सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङलाई पत्रचार गर्नु भएको छ।

४. खरसाङ नगरपालिकाको वार्ड नम्बर 13 मा अरबन पब्लिक हेल्थ सेन्टरको निर्माणको लागि शिलान्यास कार्य सम्पन्न भएको छ।

५. चिया श्रमिकहरूको बोनसको मुद्दामा मालिक अनि सरकारलाई दबाउ दिन हिल जोइण्ट फोरम-ले ११ अगस्तदेखि श्रमिक अधिकार एकता यात्रा गर्ने भएको छ

**प्रधानमंत्री-मॉलदीव वार्ता**

भारत र माल्दिभ्सबीच मालेस्थित राष्ट्रपति कार्यालयमा प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको छ। वार्तामा प्रधानमन्त्री नरेन्द्र मोदी, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, विदेशमन्त्री सुब्रमण्यम जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र दुवै देशका वरिष्ठ अधिकारी सहभागी थिए।यसअघि प्रधानमन्त्री मोदी र राष्ट्रपति मुइज्जुबीच द्विपक्षीय भेटवार्तामा पारस्परिक हितका विविध विषयमा छलफल भएको थियो।

**पश्चिम बंगाल-डेंगू**

मनसुनसँगै पश्चिम बङ्गालमा डेङ्गुको सङ्क्रमणको गति बढेको छ। राज्यमा हालसम्म करिब २,५०० डेङ्गुका बिरामीहरू फेला परेका छन् जसमध्ये पछिल्लो एक महिनामा लगभग १ हजार केसहरू रिपोर्ट भएका छन्। स्वास्थ्य विभागको तथ्याङ्कअनुसार जनवरीदेखि जुनसम्म कुल १,५०० केसहरूको तुलनामा जुलाईमा केसहरूमा तीव्र वृद्धि भएको छ।राज्यका १६ जिल्लामा डेङ्गुको सङ्क्रमण देखिएको छ भने दक्षिण बङ्गाल सबैभन्दा अधिक प्रभावित भएको छ। यसैबीच राज्यको स्वास्थ्य विभागले सबै जिल्ला, शहरी निकाय र ग्राम पंचायतका प्रशासनलाई सतर्क बनाएको छ। ढल निकासको सुनिश्चितता गर्न, पानी जम्न नदिन, लामखुट्टेको लार्भाका लागि जमेको पानीको नियमित परीक्षण गर्न र आवश्यकताअनुसार लार्भा छर्कन निर्देशन दिइएको छ।

**अनित थापा**

दार्जिलिंगका सासद राजु बिस्ट अनि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले दार्जीलिङ लेबुङ निवासी कल्याण राई हत्या काण्डको निष्पक्ष र पारदर्शी जाँचको माग गर्नु हुँदै सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङलाई पत्रचार गर्नु भएको छ। सासद बिस्टले एक प्रेस प्रेस विज्ञप्ति जारी गर्नुहुदै यस हत्या प्रकरणलाई निस्पक्ष रुपमा जाच गर्नुपर्ने बताउनु भएको छ। यस्तै जीतीएका प्रमुख कार्यपाल अनित थापाले पनि आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै भन्नु भएको छ, मैले मुख्यमन्त्री प्रेम

सिंह तामाङलाई यस दुखद घटनाको शीघ्र, निष्पक्ष र पारदर्शी अनुसन्धान गरियोस्, किनभने यसले सबैको मनमा गहिरो आघात पुर्याएको छ। उहाँले मृतक कल्याण राईलाई न्याय र शोक संतप्त परिवारलाई सान्तवना दिनु आफुहरूको प्रथम प्राथमिकता रहेको बताउनु भएको छ। श्री थापाले यस सम्बन्धमा मुख्यमन्त्री तामाङसँग टेलीफोन मार्फत पनि कुराकानी गरेको बताउनु भएको छ। स्मरण रहोस् गत 22 जुलाईको दिन गान्तोकको तादोङस्थित कृषि भवन नजिक कल्याण राईको हत्या भएको थियो भने एक पूर्व वन कर्मचारीले आफुले हत्या गरेको जिम्मा लिँदै पुलिस समक्ष आत्मा समर्पण गरिसकेका छन्।

**अरबन पब्लिक हेल्थ सेन्टर**

खरसाङ नगरपालिकाको वार्ड नम्बर 13 मा अरबन पब्लिक हेल्थ सेन्टरको निर्माणको लागि शिलान्यास कार्य सम्पन्न गरिएको छ। खरसाङ नगरपालिका क्षेत्रमा बढिरहेको जनसंख्यालाई ध्यानमा राखेर जनसाधारणको स्वास्थ्य सुविधाका लागि खरसाङ नगरपालिकाको ् तर्फबाट 35 बेडको स्वस्थ्य केन्द्रको शिलान्यास गरिएको छ। शिलान्यास कार्यक्रममा खरसाङ महकुमा शासक आई.ए.एस बिन्दबासिनी तेजा दिपक, सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान, प्रेमेन्द्र गुरूङ लगायत अन्य पदाधिकारीहरु र समाजका प्रतिनिधिहरु उपस्थित थिए। आज शिलान्यास गरिएको स्वास्थ्य केन्द्रको लागत खर्च 89 लाख 60 हजार रुपियाँ रहेको बताइएको छ। यसको क्षेत्रफल 15 वर्ग फिट रहेको र यसको निर्माण कार्य एक वर्षभित्रमा पूरा गरिने बताइएको छ। अर्कोतिर आज बिहानको समय खरसाङको टिभी सेनिटोरियम क्षेत्रमा शौचालय मरमत्ति कार्य पनि शुरु गरिएको छ। यसको लागत खर्च 5 लाख 50 हजार रहेको जानकारी प्राप्त भएको छ

**बोनस**

चिया श्रमिकहरूको बोनसको मुद्दामा मालिक अनि सरकारलाई दबाउ दिन हिल जोइण्ट फोरम-ले ११ अगस्तदेखि श्रमिक अधिकार एकता यात्रा गर्ने माकपाका श्रमिक नेता सचिन खातीले जानकारी गराउनु भएको छ।उहाँले हेप्पी भेल्ली चियाबारीबाट आरम्भ गरिने यो ३ दिवसीय यात्रा पोख्रेबोङ हुँदै मिरिक, तिनधारे अनि महानदी खरसाङमा समापन हुने बताउनु भएको छ। मिडियासितको कुराकानीमा श्री खातीले पछिल्लो रहल बोनस टुङ्गो नलागेसम्म नयाँ चिया बोनस वार्ता बस्न नमिल्ने बताउनु हुँदै यो मागको दावीमा फोरमले अधिबाटै राज्य अनि मालिक सङ्गठनलाई पत्राचार गरिसकेको जानकारी गरिसकेको बताउनु भएको छ।

**यूनिसेफ**

पश्चिम बङ्गाल सरकार, युनिसेफ र विभिन्न कर्पोरेट संस्थाहरूले राज्यका बालबालिकाको सर्वाङ्गीण विकासका लागि साझेदारी गर्ने निर्णय गरेका छन्। प्रदेश सचिवालयका एक अधिकारीले सो जानकारी दिएका हुन्। सरकार, यूनिसेफ अनि असोचैम, बीसीसीआई, भारत चैंबर्स, फिक्की, एमसीसीआई र सीआईआई पूर्वी क्षेत्रजस्ता उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको धेरै चरणको बैठकपछि यो निर्णय लिइएको हो। यसै हप्ताको सुरुमा युनिसेफका प्रतिनिधिहरूले मुख्यमन्त्री ममता बनर्जीलाई भेटेका थिए। राज्य सरकारले यस अवसरमा एक विशेष सीएसआर पोर्टल सुरू गरेको छ, जसको उद्देश्य कर्पोरेट हाउसहरूलाई उनीहरूको कर्पोरेट सामाजिक उत्तरदायित्व (सीएसआर) कोषलाई राज्य सरकारले पहिचान गरेका विकास परियोजनाहरूमा लगानी गर्न प्रोत्साहित गर्नु हो। यस पहलले बाल स्वास्थ्य, पोषण, किशोर किशोरी र युवा विकास, जलवायु अनुकूल प्रणाली, शिक्षा, कौशल विकास र विपन्न समूहहरूको सामाजिक सुरक्षा जस्ता क्षेत्रहरूमा सीएसआर लगानीको खोजी गर्नेछ।

**गोर्खाल्यान्ड एक्टिभिस्ट समूह**

गोर्खाल्यान्ड एक्टिभिस्ट समूहले संसदको मनसुन सत्र अनि शहीद दिवसलाई केन्द्र गरी दिल्लीमा 26 अनि 27 जुलाईमा दुई दिवसीय कार्यक्रम आयोजना गर्ने भएको छ। जसका लागि गोर्खाल्याण्ड एक्टिभिष्ट समूहका प्रतिनिधिहरू हिज राती दिल्ली प्रस्थान गरेका छन्। कार्यक्रममा एक्टिभिष्ट समुहलाई साथ दिन गोर्खा युथ एक्टिभिष्ट नेटवर्क "ज्ञान", कालेबुङ शिल्पकार समूहलगायत अन्य संघ संस्थाका प्रतिनिधिहरू पनि हिज राती नै दिल्ली प्रस्थान गरेका छन्। समूहले 26 जुलाईमा दिल्लीको जन्तर मन्तरमा छुट्टै राज्य गोर्खाल्याण्डको माग गर्दैं धर्ना प्रदर्शन गर्ने र 27 जुलाईमा गोर्खाल्याण्ड आन्दोलनका शहीदहरूको सम्झनामा शहीद दिवस पालन गर्ने भएको छ। यस दुई दिवसीय कार्यक्रममा अन्य विभिन्न राज्यहरूबाट पनि प्रतिनिधिहरूले सहभागिता जनाउने जानकारी प्राप्त भएको छ।

**चट्याङ**

पश्चिम बङ्गालका तीन जिल्लामा पछिल्लो २४ घण्टामा चट्याङ लागेर कम्तीमा १३ जनाको मृत्यु भएकोछ । मृत्यु हुनेहरुमा सबैभन्दा अधिक बाँकुडा जिल्लामा सात, पूर्व बर्धमानमा पाँच र पश्चिम मेदिनीपुरमा एक जना सामेल छन । राज्य आपदा प्रबंधन विभागका एक अधिकारका अनुसार बांकुडा जिल्लाको कोतुलपुर थाना क्षेत्रको खिरी गाउँको खेतमा काम गरिरहेको एक किसानलाई अचानक चट्याङ लागेको तथा उनलाई उपचारका लागि स्थानीय अस्पतालमा पुर्याए पनि उनको ज्यान गएको बताएका छन। यस्तै सोही जिल्लाको पत्रस्यारमा एक युवक गम्भीर रुपमा जलेका छन् भने ओंदा क्षेत्रमा एक मृत्यु भएको छ यस्तै पूर्व बर्धमान जिल्लाको मधबधी क्षेत्रमा खेतमा काम गरिरहेका ६० वर्षीय एक किसानको मृत्यु भएको छ । यस्तै आउसग्राम थाना क्षेत्र अन्तर्गत भेडिया गाउँका २८ वर्षीय युवकको पनि चट्याङलागेर मृत्यु भएको छ ।मौसम विभागले आगामी जुलाई २७ सम्म दक्षिण बङ्गालका जिल्लाहरूमा मेघगर्जन र चट्याङको चेतावनी जारी गरेको छ भने राज्य प्रशासनले नागरिकहरूलाई सावधानी अपनाउन र खराब मौसमको समयमा खुला स्थानमा ननिस्कन अपिल गरेको छ।

**हिमालयन फरेष्ट भिलेजर्स**

आज खरसाङ महकुमा अन्तर्गत बाहुनेपोखरी वनबस्तीको सामुदायिक भवनमा हिमालयन फरेष्ट भिलेजर्स अर्गानाइजेशन खरसाङ डिविजन कमिटीको सांगठानिक कार्यक्रम बारेमा एउटा सभा सम्पन्न भयो। सभामा खरसाङ डिविजन कमिटीको पक्षबाट आउँदो १० अगष्ट २०२५ आइतबारको दिन बाहुनेपोखरी वनबस्तीको सामुदायिक भवनमा बिहान १० बजेदेखि वन अधिकार कानून- २००६ लाई प्रत्येक वनबस्ती क्षेत्रमा लागु गराइने प्रकृयामाथि एकदिने कार्यशाला सम्पन्न गराउने निर्णय गरिएको छ भने अन्य संगठनको भावि कौशलहरु बारेमा पनि चर्चा परिचर्चा गरिएको छ।

**डी.वाई.एफ.आई**

रोजगारको मुद्दामा डी.वाई.एफ.आई-ले दार्जीलिङमा एकदिवसीय युवा संगोष्ठी गर्ने जानकारी प्राप्त भएको छ। ५८औं युवा शक्ति पत्रिका एवं प्रतिष्ठा दिवसको अवसरमा आगामी ३१ जुलाईको दिन दार्जिलिङको जीडीएनएस भवनमा हुने संगोष्ठीलाई मुख्य वक्ताको रुपमा सङ्गठनका पूर्व राष्ट्रिय महासचिव मोहम्मद सलीमले सम्बोधन गर्ने बताइएको छ। कार्यक्रमबारे जानकारी गराउनु हुँदै दार्जीलिङ जिल्ला समिति अध्यक्ष सागर शर्माले युवाहरुलाई रोजगार दिलाउन केन्द्रको भाजपा अनि राज्यको सत्तारूढ दल तृणमूल कांग्रेस पूर्णतया असफल भएको आरोप लगाउनु भयो। यसका साथै यस कार्यक्रममा युवाहरूलाई एकजुट भएर भाग लिइदिने आह्वान पनि गर्नु भयो।